मिति २०८३ साल असोज २६ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५३ औं वैठकको निर्णयहरु।

प्रस्तावहरुः

१) ५२ औं नगरकार्यपालिकाको वैठकको कार्यान्वयन प्रगति समिक्षा सम्वन्धमा।

२) चालु आ.व २०८३/०८४ को असोज २० गते सम्मको समिक्षा र छलफल सम्वन्धमा।

३) वडा कार्यालय र मेट्रो अस्पतालको खर्च केन्द्र कायम गरी महालेखा र को.ल.नि.कामा लेखि पठाउने सम्वन्धमा।

४) आ.व २०८२/०८३ मा कार्यसम्पन्न भई भुक्तानी वाँकि योजनाहरुको भुक्तानी सम्वन्धमा।

५) श्री जनमुखी प्रा.वि तुलसीपुर १२ मा रहेको जग्गाको श्रेष्ता कायमका लगि सिफारिस गर्ने सम्वन्धमा।

६) नेपाल आयल निगम लिमिटेडलाई डिपो पूर्वाधार निर्माण तथा सञ्चालन गर्न लिजमा जग्गा उपलव्ध गराउन सिफारिस प्रदान गर्ने सम्वन्धमा ।

७) उपमहानगरपालिकाको वडाको सङ्ख्या तथा सिमाना हेरफेर र वर्गीकरण सम्वन्धमा।

८) उपभोक्ता समितिको गठन संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधिको संशोधन सम्वन्धमा।

९) तुलसीपुर उपमहानगरपालिकाको नगर शिक्षा योजना (२०८३-०८७) स्विकृत गरी अनुमोदन गर्ने सम्वन्धमा।

१०) प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका स्थानीय सेवाको नवौं तहका श्री बशन्त रिजाललाई स्थायी नियुक्ति र पदस्थापन गर्ने सम्वन्धमा।

११) विविध।

क) महिला सुरक्षा आवास गृह सञ्चालनका लागि संस्थागत सम्झौता गर्ने सम्वन्धमा।

ख) विषयगत समितिका प्रतिवेदन माथि छलफल सम्वन्धमा।

ग) नेपालको राष्ट्रिय झण्डा स्थापना गर्ने सम्वन्धमा।

घ) भूलबस बढी राजश्व जम्मा हुन आएको रकम सम्वन्धित खर्च शिर्षकबाट खर्च लेख्न अनुमति।

ङ) बडादशैं सहित चाडपर्वका अवसरमा हुन सक्ने आकस्मिक कामको व्यवस्थापन सम्वन्धमा।

निर्णयहरुः

निर्णय नं १

प्रस्ताव नं १ को सम्वन्धमाः मिति २०८३ भदौ ३१ गतेको ५२ औं कार्यपालिका वैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था र प्रगति सम्वन्धमा समीक्षा गरियो।

निर्णय नं २

प्रस्ताव नं २ को सम्वन्धमाः यस उपमहानगरपालिका कार्यालयबाट चालु आर्थिक वर्ष २०८३।८४ को असोज २० गतेसम्म भएको कामको बारेमा जानकारी भयो। साथै, कार्यान्वयन कार्यप्रगति माथि छलफल गरियो।

टिकाराम खड्का
प्रमुख

मिति २०८३ साल असोज २६ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५३ औ वैठकका निर्णयहरु।

निर्णय नं ३

प्रस्ताव नं ३ को सम्वन्धमाः यस उपमहानगरपालिकाको कार्यालयको आर्थिक कारोवारलाई थप सरल र विकेन्द्रीत गरी प्रभावकारी गराउने प्रयोजनका लागि सबै १९ वटा वडा कार्यालयहरु र तुलसीपर भिमसेन मेट्रो अस्पताल (नगर अस्पताल) लाई खर्च केन्द्र कायम गर्ने निर्णय गरियो।

निर्णय नं ४

प्रस्ताव नं ४ को सम्वन्धमाः गत आर्थिक बर्षका भुक्तानी बाँकी योजनाहरुको भुक्तानीका लागि कार्यालयले प्रक्रिया व्यवस्थापन गरे अनुसार छिटो र सरल हुने गरी काम गर्न निर्देशन दिने निर्णय गरियो। कार्यपालिकाले निर्णय गर्नुपर्ने विषयका लागि पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा पेश गर्न समेत निर्देशन गरियो।

निर्णय नं ५

प्रस्ताव नं ५ को सम्वन्धमाः नगरपालिका कार्यालयबाट व्यहोरा यकीन गरी पेश भए अनुसार श्री जनमुखी प्रावि तुलसीपुर-१२ टरिगैंमा रहेको जग्गाको श्रेस्ता कायमका लागि भूमि प्रशासन कार्यालय तुलसीपुरमा सिफारिश गर्ने निर्णय गरियो।

निर्णय नं ६

प्रस्ताव नं ६ को सम्वन्धमा सम्वन्धित नेपाल आयल निगमको इन्धन डिपो दाङको चलानी नम्वर ५७ मिति २०८३।०५।०९ को पत्रको अनुरोध र वडा नं ८ को चलानी नम्वर ९३९ मिति २०८२/०६/२३ सिफारिशका आधारमा तुलसीपुर-८ रोटेपानी चौरमा रहेको कित्ता नम्वर ६९ को श्री ५ को सरकार (हाल नेपाल सरकार) को नाममा रहेको ६ विगाहा १४ कठ्ठा १ धुर जग्गा नेपाल आयल निगम लिमिटेडलाई डिपो पूर्वाधार निर्माण तथा सञ्चालन गर्न लिजमा उपलव्ध गराउन मालपोत नियमावली, २०८३ को नियम २३ झ २ को उपनियम (६) मा उल्लेखित सिफारिश समितिको प्रयोजनका लागि लेखी पठाउने निर्णय गरियो।

टिकाराम खड्का
नगर प्रमुख

मिति २०८३ साल असोज २६ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५३ औं बैठकका निर्णयहरु।

निर्णय नं ७

प्रस्ताव नं ७ को सम्वन्धमाः नेपाल सरकारबाट मिति २०८३।०३।०४ मा राजपत्रमा प्रकाशित गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्वन्धी मापदण्ड, २०८३ अनुसार यस उपमहानगरपालिकाको एवं उपमहानगरपालिका अन्तर्गतका वडाहरुको सिमाना हेरफेर र वर्गीकरणका लागि वडाहरुले सर्वदलीय/सर्वपक्षीय छलफल गरी गराई सिमाना हेरफेर र वर्गीकरणको लागि सुझाव सहित सिफारिश गरी पठाउन सबै वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो। यसरी सिफारिश गर्दा देहाय अनुसार गर्ने समेत निर्णय गरियोः

क) आवश्यकता अनुसार छिमेकी वडा र छिमेकी पालिकाहरुसँग समेत समन्वय गर्नुपर्ने।

ख) वडाहरुबाट प्राप्त सिफारिश एवं अन्य समन्वय गर्नुपर्ने विषयमा थप सहजीकरण सहित प्रतिवेदन तयार गर्न देहाय अनुसार कार्यपालिकाका सदस्यहरुको एक कार्यदललाई जिम्मा दिनेः

कार्यपालिका सदस्य श्री माधव वली
कार्यपालिका सदस्य श्री बिरेन्द्र शाह
कार्यपालिका सदस्य श्री शिवानन्द डाँगी
यस कार्यदलका लागि भूमि व्यवस्था शाखाले सचिवालयको कार्य गर्ने।

निर्णय नं ८

प्रस्ताव नं ८ को सम्वन्धमाः कार्यपालिकाको ५२ औं बैठकको निर्णय नम्वर ९ को (ख) अनुसार कार्यपालिकाका सदस्यहरुलाई प्रदान गरिएको मस्यौदा समेतका आधारमा तुलसीपुर उपमहानगरपालिकाको उपभोक्ता समितिको गठन परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८२ मा आवश्यक संशोधन गर्ने सम्वन्धमा निम्न निर्णय गरियोः

क) कार्यपालिकाका सदस्यहरुको सुझाव प्राप्त गरी विधायन समितिले संशोधनको प्रस्ताव तयार गर्ने।

ख) विधायन समितिबाट निर्णय भएअनुसारको संशोधित तुलसीपुर उपमहानगरपालिकाको उपभोक्ता समितिको गठन परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८२ कार्यान्वयन गर्न गराउन अधिकार दिने।

निर्णय नं ९

प्रस्ताव नं ९ को सम्वन्धमाः नगर शिक्षा समितिबाट निर्णय भई प्राप्त भएको तुलसीपुर उपमहानगरपालिकाको नगर शिक्षा योजना (२०८३-२०८७) स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

निर्णय नं १०

प्रस्ताव नं १० को सम्वन्धमाः प्रदेश लोक सेवा आयोगबाट सिफारिश भई आउनु भएका स्थानीय निजामती अन्तर्गत स्थानीय प्रशासन सेवा, सामन्य प्रशासन समूह, अधिकृत स्तर नवौं तह, उपसचिव/उपनिर्देशक पदमा श्री बशन्त रिजाललाई स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १८ अनुसार मिति २०८३।०६।२० मा भएको निर्णय अनुसार नियुक्ति पत्र दिई यस उपमहानगरपालिका कार्यालयमा पदस्थापन गर्ने निर्णय अनुमोदन गरियो।

हरिराम खड्का

मिति २०८३ साल असोज २६ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५३ औं बैठकका निर्णयहरु।

निर्णय नं ११

प्रस्ताव नं ११ को विविध विषयको सम्वन्धमा देहाय बमोजिम निर्णय गरियोः

क) उपमेयर महिला सुरक्षा आवास गृह सञ्चालन समन्वय समितिको मिति २०८३।०४।०८ को निर्णय अनुसार दिदीघर संस्था तुलसीपुर-६ बाट महिला सुरक्षा आवास गृह सञ्चालनका लागि दिदीघर संस्थासँग चालु आर्थिक वर्षको कार्यक्रम सम्झौता गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

ख) विषयगत समितिहरुबाट भएका कामको प्रगति सम्वन्धित समितिका संयोजकहरुले जानकारी गराउनु भयो।

ग) नेपालको राष्ट्रिय झण्डा स्थापना गर्ने सम्वन्धमा प्राप्त विषय जानकारी भयो। यस नगर क्षेत्रमा सौन्दर्य प्रवर्द्धन र राष्ट्रिय पहिचान मजबुद गराउन भएका प्रयासहरुलाई धन्यवाद दिने निर्णय गरियो।

घ) भूलबस बढी राजश्व जम्मा हुन आएका निम्न बमोजिमको विवरण सहित व्यहोरा यकीन गरी कार्यालयले पेश गरेका सेवाग्राहीलाई सो रकम बराबर सम्वन्धित खर्च शिर्षकबाट खर्च लेखी भुक्तानी गर्न कार्यालयलाई स्वीकृति दिने निर्णय गरियोः

क्र.सं.	सेवाग्राहीको नाम र ठेगाना	राजश्व प्राप्ति भएको कार्यालय	रसीद नम्वर र मिति	खर्च लेख्नुपर्ने वढी जम्मा हुन आएको रकम रु	खर्च लेख्ने शिर्षक
१	गीता देवी आचार्य तुलसीपुर ६, राजापुर	वडा नम्वर ६ कार्यालय	१२७० मिति २०८३।०५।०३	९,८२८।-	राजश्व फिर्ता खर्च
२	महेन्द्र कुमार सेन	वडा नम्वर ११ कार्यालय	८८ मिति २०८३।०४।१४	८९२।-	राजश्व फिर्ता खर्च
३	सम्वृद्धि कन्स्ट्रक्सन प्रालि तुलसीपुर-११	तुलसीपुर उपमहानगर पालिका	२५९६ मिति २०८३।१।२५	६०,०००।-	राजश्व फिर्ता खर्च

नोटः सिं नं ३ को हकमा गत आ.व.को निर्णय र हिसाव यकीन राखी भुक्तानी गर्ने।

ङ) बडादशैं सहित चाडपर्वका अवसरमा हुन सक्ने विपद्जन्य कार्य र सुरक्षाका कार्यहरुका लागि नगरपालिकाका सबै संयन्त्रहरु सक्रिय भईरहने निर्णय गरियो। यसका लागि विपद् व्यवस्थापन समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो।

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८३/०८४

च.नं.

तुलसीपुर उपमहानगरपालिकाका (कार्यसम्पादन नियमावली, २०७४) को नियम ९ (१) वमोजिम कार्यपालिकाको वैठकको कार्यसूची

वैठक संख्याः ५४-२०८३/०८४

वैठक वस्ने स्थानः तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिका हल, दाङ ।

मिति र समयः २०८३/०७/२० गते शुक्रवार विहान ८:०० वजे

क्र.स	प्रस्ताव	प्रस्तावक	प्रस्ताव पेश गर्नुको कारण	कै.
१.	५३ औं नगरकार्यपालिकाको वैठक कार्यान्वयन प्रगति समिक्षा सम्वन्धमा ।	श्री टिकाराम खड्का	निर्णयार्थ	
२.	नगर शिक्षा समितिको २०८३।०६।१५ गतेको निर्णय अनुमोदन सम्बन्धमा ।	श्री टिकाराम खड्का	निर्णयार्थ	
३.	गर्भवती महिलाहरुलाई पोषिलो आहार (अण्डा) वितरण सम्बन्धि कार्यविधि,२०८३ पारित सम्बन्धमा	श्री टिकाराम खड्का	निर्णयार्थ	
४.	रसुवा भोटेकोशी बाढीको कारण वेपत्ता भएका नागरिकको खोज उद्धार राहतका लागि आर्थिक सहायता उपलब्ध गराउने कार्यविधि,२०८३ पारित सम्बन्धमा ।	श्री टिकाराम खड्का	निर्णयार्थ	
५.	विपन्न व्यक्ति उपचार खर्च सम्वन्धमा ।(किड्नी फेरेका, डायलासिस गराईरहेका, क्यान्सर, मेरुदण्ड उपचार र पक्षघात भएका विरामीहरु मासिक रु ५०००)	श्री टिकाराम खड्का	निर्णयार्थ	
६.	.विपद व्यवस्थापन सम्बन्धि तपसिलका योजना पारित सम्बन्धमा। क. तुलसीपुर उपमहानगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०८३(भुक्तानी समेत) ख. तुलसीपुर उपमहानगरपालिकाको मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३ ग. तुलसीपुर उपमहानगरपालिकाको पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३(अद्यावधिक)	श्री टिकाराम खड्का	निर्णयार्थ	
७.	प्रदेश लोकसेवा आयोगबाट उपसचिव।उपनिर्देशक पदमा सिफारिस भई आउनुभएका कर्मचारीको नियुक्ति तथा पदस्थापन सम्बन्धमा ।	श्री टिकाराम खड्का	निर्णयार्थ	
८.	विज्ञापन कर र जडिवुटि जिवजन्तु तथा कवाडि ठेक्काको न्युनतम मुल्याङ्कन रकम अनुमोदन सम्बन्धमा।	श्री टिकाराम खड्का	निर्णयार्थ	
९.	.आर्थिक सहायता अनुमोदन तथा स्वीकृत सम्वन्धमा । (विभिन्न औषधिउपचार तथा अन्य)	श्री टिकाराम खड्का	निर्णयार्थ	
१०.	विभिन्न विषयगत समितिका वैठकका निर्णय अनुमोदन सम्बन्धमा ।	श्री टिकाराम खड्का	निर्णयार्थ	
११.	.ईट्टा भट्टा सञ्चालनका लागि सिफारिस सम्बन्धमा ।	श्री टिकाराम खड्का	निर्णयार्थ	
१२	सवारी साधन मर्मत सम्बन्धमा।	श्री टिकाराम खड्का	निर्णयार्थ	
१३	भुमी नाँप जाँच सुचारु सम्बन्धमा ।	श्री टिकाराम खड्का	निर्णयार्थ	
१४	विविध सम्बन्धमा ।	श्री टिकाराम खड्का	निर्णयार्थ	

प्रस्ताव प्रमाणित गर्नेको नामः टिकाराम खड्का

पदः नगर प्रमुख

दस्तखतः

मितिः

टिकाराम खड्का
नगर प्रमुख